**राजस्व न्यायाधिकरण काठमाडौं**
**इजलास**
**माननीय अध्यक्ष श्री किशोर सिलवाल**
**राजस्व सदस्य श्री जीवन कुमार घिमिरे**
**लेखा सदस्य श्री डम्बर बहादुर कार्की**
**फैसला**

२०७६।०७७ सालको निर्णय नं.४४
पुनरावेदननं.०७४-**RB**-००४६

**मुद्दाः-अग्रिमकर।**

सविकको आई एम ई फाइनान्सियल इन्ष्टिच्युशन लिमिटेड मर्ज भई हाल का.जि.का.न.पा. पानीपोखरी स्थित ग्लोबल आईएमई बैंक लिमिटेड ...................१ } पुनरावेदक

**विरुद्ध**

ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर .............................................१ } प्रत्यर्थी

उपस्थित कानून व्यवसायीहरु
पुनरावेदकका तर्फबाटः विद्वान अधिवक्ता श्री सुरज श्रेष्ठ
प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : विद्वान उपन्यायाधिवक्ता श्री शम्भुकुमार बस्नेत
शुरु निर्णय गर्ने कार्यालयः श्री ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर ।
शुरु निर्णय गर्ने पदाधिकारीः - प्रमुख कर प्रशासक श्री शोभाकान्त पौडेल।
शुरु निर्णय मितिः २०७२/१२/०४

ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७२/१२/०४ मा भएको निर्णय उपर प्रशासकिय पुनरावलोकनका लागि आन्तरिक राजस्व विभागमा निवेदन दर्ता गराई ताँहा कार्यालयबाट समेत भएको निर्णय उपर चित्त नबुझी राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) तथा आयकर ऐन २०५८ को दफा ११६ बमोजिम दर्ता हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छ।

**तथ्य खण्ड**

१. करदाता श्री आई.एम.ई. फाईनान्सियल ईन्ष्टिच्यूसन लिमिटेड (हाल ग्लोबल आईएमई बैंक लि.) ले आर्थिक बर्ष २०६८/०६९ को आय विवरण आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार करयोग्य आय रु. १०,४७,६२,३६५/०६ देखाई मिति २०६९/०६/२५ मा पेश गरेका रहेछन्।

२. कर परिक्षणको सिलसिलामा करदाताबाट आय विवरणसाथ प्राप्त अन्य कागजातको अध्ययन, छानविन तथा हिसाव किताबको परीक्षण गर्दा आयकर ऐन, २०५८ बमोजिम

कट्टी गर्न नपाउने खर्चहरु दावी भएको, व्यवसायको मुनाफा र लाभकरतर्फ गणना हुनुपर्ने रकम समावेश भएको नदेखिएको तथा भुक्तानीमा अग्रिम कर कट्टी गर्नुपर्ने भुक्तानीमा अग्रिम करकट्टी गरेको नपाईएकोले सोही ऐनको दफा १०१ बमोजिम संशोधित करयोग्य आय कायम गर्नुपर्ने भएको हुँदा सो बमोजिम गर्नजु नपर्ने कुनै ठोस सबुद प्रमाण भए पत्र प्राप्त भएको मितिले १५ दिन भित्र पेश गर्न आयकर ऐन, २०५८ को दफा १०१(६) बमोजिम करदातालाई मिति २०७२/११/१२ मा जारी गरेको पत्र।

३. मिति २०७२/११/१२ मा करदाताको नाममा जारी भएको पत्र करदाताले मिति २०७२/११/१९ मा बुझिलिएको।

४. करदाताले मिति २०७२/११/१९ मा बुझिलिएको पत्रको जवाफ मिति २०७२/१२/०३ मा पेश गरेको।

५. करदाताको आ.व. २०६८/०६९ को लागि रु. १०,६१,६२,३४६/३२/- आयकर ऐन, २०५८को दफा १०१ बमोजिम करयोग्य आय कायम गरी संशोधित कर निर्धारण गर्ने भन्ने समेतको ठूला करदाता कार्यालय हरिहरभवन ललितपुरबाट मिति २०७२/१२/०४ मा भएको निर्णय।

६. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरको कर निर्धारण आदेश उपर चित्त नबुझी करदाताले आन्तरिक राजस्व विभागको प्रशासकिय पुनरावलोकनका लागि निवेदन दिएका रहेछन्।

७. लेखा परीक्षण शुल्क गणना गर्दा सेवा शुल्कका अतिरिक्त सेवा प्रवाहसँग जोडिएका अन्य खर्चहरु समेत एकमुष्ट सेवा शुल्कको रुपमा भुक्तानी मानी अग्रिम करकट्टी गर्नुपर्दछ। लेखा परिक्षण खर्च लेखा परिक्षण शुल्कको अभिन्न पाटो भएको र त्यस्तो खर्चलाई खण्डीकरण गर्न नसकिने हुँदा समग्र खर्चमा नै अग्रिम आयकर कट्टी गर्नुपर्ने अवस्था रहेकोमा आयकर ऐन, २०५८ को दफा ८८(१) बमोजिम अग्रिम करकट्टी गर्नु नै पर्ने हुँदा निवेदन जिकिर नपुग्ने ठहर्छ भन्ने समेत बेहोराको आन्तरिक राजस्व विभागबाट मिति २०७४/०१/१५ मा भएको प्रशासकिय पुनरावलोकनको निर्णय।

८. आन्तरिक राजस्व विभागबाट भएको प्रशासकिय पुनरावलोकन उपरको निर्णयमा चित्त नबुझी करदाताले यस राजस्व न्यायाधीकरणमा करदाताले पुनरावेदन दर्ता गराएका रहेछन्।

९. लेखा परिक्षण शुल्क तथा अन्य खर्च सम्बन्धमा प्रत्यर्थीबाट बैंकले लेखा परिक्षकलाई लेखा परिक्षण वापत साधारण सभाबाट पारित भए बमोजिम उपलब्ध गराएको सेवा शुल्कमा अग्रिम करकट्टी गरी दाखीला गरेकोलाई स्वीकार गर्नुभएको छ तर अन्य खर्च जुन लेखा परिक्षणसँग सम्बन्ध नरही लेखा परीक्षणको सिलसिलामा निज तथा निजका सहायकहरु बैंकको नेपाल भर रहेका शाखाहरुको लेखा निरिक्षण गर्ने क्रममा हुन गएको खाजा, खाना, बसाई तथा परिवहन लायतका भएका खर्च जुन बैंकले सोधभर्नाको रुपमा

उपलब्ध गराएको रकममा समेत दफा ८८ बमोजिम अग्रिम करकट्टी नगरेको भनि माग गर्नुभएको तथा उल्लेखित खर्च रकममा अग्रिम करकट्टी नै हुनुपर्ने हो भने पनि निज लेखा परिक्षक मूल्य अभिवृद्धि करमा दर्ता भएको हुँदा आयकर ऐन, २०५८ को दफा ८८(१) को प्रतिबन्धात्मक बाक्यांशको (४) बमोजिम भूक्तानी रकमको १.५% ले अग्रिम करकट्टी पर्ने हुँदा १५% ले अग्रिम कर माग गर्नुभएको त्रुटिपूर्ण हुँदा प्रत्यर्थी कार्यालयबाट मिति २०७२/१२/११ मा अग्रिम कर दाखिला गर्न जारी गरेको सूचना तथा मिति २०७२/१२/०४ को निर्णय पर्चा एवं सोलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागको मिति २०७४/०१/१५ को निर्णय बदर गरी बैंकले पेश गरेको आयविवरण बमोजिम करयोग्य आय कायम गरी पाउँ भन्ने समेत बेहोराको करदाताले यस न्यायाधीकरण समक्ष पेश गरेको पुनरावेदन पत्र।

१०. यसमा मुलुकी फौज्दारी संहिता २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधीकरणबाट भएको आदेश।

## ठहर खण्ड

११. आज सुनुवाइका लागि यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक बैंकका तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री सुरज श्रेष्ठको वहस सुनियो । वहसका क्रममा विद्वान अधिवक्ताले मूलतः पुनरावेदनपत्रमा उल्लेखित जिकिरहरुलाई नै आधार बनाई अग्रिमकरको हकमा यस आर्थिक वर्षमा कर्मचारीलाई पोशाक खर्च दिईएको रकम र लेखापरीक्षण शुल्क र ब्याजकर छुट भएको भनी कर, ब्याज तथा थप शुल्क समेत लगाई शुरु कार्यालय को निर्णयानुसार भएको अन्तिम कर निर्धारणको आदेश बदर गरी पाउँ भनी जिकिर लिनु भएको छ ।

१२. प्रत्यर्थी कार्यालयहरुका तर्फबाट उपस्थित विशेष सरकारी वकील कार्यालय, काठमाण्डौका विद्वान उपन्यायधिवक्ता श्री शंभु कुमार बस्नेतले करदाताको तर्फबाट कर निर्धारण गर्नु नपर्ने कुनै पनि ठोस प्रमाण पेश नभएको एवं यस प्रकृतिका धेरै पुनरावेदनहरुको फैसला यसै ईजलाशबाट यस अघि नै भैसकेको हुँदा थप जिकीर गरिरहनु पर्ने देखिदैन भन्दै कार्यालयको निर्णय कानून सम्मत नै रहेकोले सदर हुनुपर्छ भन्ने वहस प्रस्तुत गर्नुभयो।

१३. पुनरावेदक कम्पनीको पुनरावेदनमा लिइएका पुनरावेदन जिकिरहरु, दुवै तर्फका विद्वान कानून व्यवसायीहरुबाट प्रस्तुत वहस बुँदाहरु र मिसिल संलग्न कागज प्रमाणहरुको अध्ययन गरी इन्साफ तर्फ बिचार गर्दा प्रस्तुत मुद्दाका सन्दर्भमा मुख्यत् देहाय अनुसार हुने देखियो।

कर्मचारी पोशाक सम्बन्धमा

कर्मचारीको पोशाक वितरणमा अग्रिम आयकर सम्बन्धमा बैंकमा आउने ग्राहकलाई कर्मचारी पहिचान गर्न सरल होस र गलत मान्छेबाट ठगिन नपरोस भनेर पोशाकको

ब्यबस्था गरेको, यी पोशाक कार्यालय प्रयोजन बाहेकमा उपयोग नहुने भएकाले रोजगारीको आयमा समावेश गर्न नपर्ने पुनरावेदकले जिकीर लिएकोमा, आयकर ऐन, २०५८ को दफा ८(२) खण्ड (क), (ख) र (छ) बमोजिम रोजगारदाताबाट प्राकृतिक ब्यक्तिलाई आय वर्षमा दिईएका भुक्तानीहरु पारिश्रमिक गणना गर्दा समावेश गर्नुपर्नेछ भनी स्पष्ट कानूनी ब्यबस्था भएकाले समावेश गरेको देखिन्छ । यसर्थ, पोशाक खर्चमा अग्रिमकर गणना हुन नहुने भन्ने पुनरावेदकको जिकिरसँग सहमत हुन सकिएन तथापी उक्त पोशाक खर्च वापत प्राप्त रकमलाई पारिश्रमिक आयमा गणना गरी अग्रीम कर कट्टी माग गर्दा कर्मचारीलाई एकमुष्ट २५ प्रतिशतका दरले कर लगाएको शुरु कार्यालयको निर्णय र सोलाई समर्थन गर्ने गरी भएको आन्तरिक राजस्व विभागको निर्णय सो हदसम्म मिलेको नदेखिँदा सो हदसम्म बदर गरी यस प्रकार एकमुष्ट कर नलगाई प्रत्येक कर्मचारीले पाएको पोशाक वापतको हुने रकम समेत समावेश गरी ब्यक्तिगत आय यकीन गरी ऐन बमोजिम पाउने छुट समेत दिई करको गणना गर्नु भनी शुरु कार्यालयमा लेखी पठाउने ठहर्छ।

<u>लेखापरीक्षण खर्च सम्बन्धमा</u>

लेखा परीक्षण खर्च लेखा परीक्षण कार्य सम्पन्न गर्नको लागि लेखा परिक्षक नियुक्ती गर्दा भएका सम्झौताका शर्त अनुसार खर्च हुने देखिन्छ। सम्झौतामा उल्लेख भएका शर्त अनुसारका सवै रकम लेखा परिक्षकको सुविधा अन्तर्गत पर्ने र यी रकमहरु भुक्तानी गर्दा ऐनको दफा ८८(१) अनुसार अग्रिम करकट्टी गर्न पर्ने देखिँदा पुनरावेदकको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन।

<u>ब्याज कर छुट सम्बन्धमा</u>

पुनरावेदक कम्पनीले मिति २०६९।०५।२५ मा ग्लोबल आई.एम. ई संग गाभिई उक्त ब्याज रकम ग्लोबल आई.एम. ई बैंकले कर कट्टी दाखिला गरेको भनी लिएको जिकीर लिईएकोमा हेर्दा निजले छुट कर दाखिला गर्न मञ्जुर गरेकोमा ब्याज बुझाई सकेको भनी जिकीर लिएतापनि ब्याजकर दाखिला गरेको कुनै भौचरहरुको प्रक्ष्ट विवरण नभएको, जवाफमा यस विषयमा कुनै प्रतिवाद नगरेको र ब्याजकर दाखिला गरेको भौचरको प्रतिलिपी मिसिल साथ संलग्न भएको तर उक्त भौचर कुन कुन रकमको हो, त्यसमा उक्त छुट रकम परे नपरेको स्पष्ट नभएकाले छुट ब्याज भुक्तानी भैसकेको भन्न सकिने देखिएन।

दफा १२०(क) का सम्बन्धमाः-

पुनरावेदकले अग्रिम कर कट्टि गर्नु पर्ने रकम फरक परेको एवं अग्रिम कर कट्टि गर्न छुट भएको अवस्थामा आयकर ऐन, २०५८ को दफा १२०(क) बमोजिम शुल्क लाग्न सक्दैन भनी जिकिर लिएको देखिन्छ । पुनरावेदकले लिएको जिकिर अग्रिम कर कट्टि गर्न छुट भएको वा दाखिला नभएको वा कुनै विवरण नलुकाएको अवस्थामा दफा १२०(क) अनुसार शुल्क लाग्न पर्ने वा नपर्ने भन्ने सम्बन्धमा हेर्दा आयकर ऐन, २०५८

दफा ९० को उपदफा (३) ले अग्रिम कर कट्टी गर्नुपर्ने व्यक्तिले दफा ८७, ८८ वा ८९ बमोजिम कर कट्टी नगरेको भएपनि सो कर कट्टी हुनुपर्ने समयमा कर कट्टी गरिएको मानिने छ भनी कानूनी व्यवस्था गरेको छ । आयकर ऐन, २०५८ को दफा १२० (क) मा अग्रिम कर कट्टि रकम दाखिला गर्न छुट भएमा वा अग्रिम कर कट्टि गर्नपर्ने रकम कट्टि गर्न छुट भएमा वा त्यस सम्वन्धि विवरणहरु नलुकाएको अवस्थामा शुल्क लाग्ने कानूनी व्यवस्था रहे भएको नदेखिंदा सो हदसम्म शुरु निर्णय मिलेको देखिएन।

१४. अतः यसमा पुनरावेदक करदाताको आ.व. ०६८/०६९ को अग्रिम कर निर्धारणका सम्बन्धमा शुरु कार्यालयको मिति २०७२/१२/०४ को निर्णय र सो लाई समर्थन गर्ने गरी आन्तरिक राजस्व विभागबाट मिति २०७४/०१/१५ मा भएको निर्णयमा आयकर ऐन, २०५८ को दफा १२०(क) बमोजिम शुल्क लगाउने गरी भएको निर्णय सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी हुने ठहर्छ।

त्यसैगरी सोही निर्णयमा अग्रिम करतर्फ कर्मचारी पोशाक खर्च रकमलाई आय कायम गरी अग्रीम करकट्टी माग गर्दा कर्मचारीका व्यक्तिगत पारिश्रमिक आयमा गणना गरी जो जसलाई जे जति कर लगाउनु पर्ने हो सो नगरी एकमुष्ठ २५ प्रतिशतका दरले अग्रिम कर माग गर्ने गरी गरेको निर्णय मिलेको नदेखिँदा बदर गरिदिएको छ। यस विषयमा अब जो जे बुझ्नु पर्छ बुझी पुन निर्णय गर्नु भनि मिसिल ठूला करदाता कार्यालय ललितपुरमा पठाईदिने ठहर्छ। अरुमा पुनरावेदकको पुनरावेदन जनिकिर पुग्न सक्दैन। अरुमा तपशील बमोजिम गर्नु।

तपसिल

माथी ठहर खण्डमा उल्लेख भए बमोजिम पुनरावेदक करदाताको आ.व. ०६८/०६९ को अग्रिम कर निर्धारणका सम्बन्धमा शुरु कार्यालयको मिति २०७२/१२/०४ को निर्णय र सो लाई समर्थन गर्ने गरी आन्तरिक राजस्व विभागबाट मिति २०७४/०१/१५ मा भएको निर्णयमा आयकर ऐन, २०५८ को दफा १२०(क) बमोजिम शुल्क लगाउने गरी भएको निर्णय सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी हुने तथा सोही निर्णयमा अग्रिम करतर्फ कर्मचारी पोशाक खर्च रकमलाई आय कायम गरी अग्रीम करकट्टी माग गर्दा कर्मचारीका व्यक्तिगत पारिश्रमिक आयमा गणना गरी जो जसलाई जे जति कर लगाउनु पर्ने हो सो नगरी एकमुष्ठ २५ प्रतिशतका दरले अग्रिम कर माग गर्ने गरी गरेको निर्णय मिलेको नदेखिँदा बदर भएकोले यस विषयमा अब जो जे बुझ्नु पर्छ बुझी पुन निर्णय गर्नु भनि मिसिल ठूला करदाता कार्यालय ललितपुरमा पठाईदिने ठहरेकोले प्रस्तुत फैसलाको प्रतिलिपी साथै राखी शुरु मिसिल फैसला बमोजिम गर्नु भनी ठुला करदाता कार्यालय हरिहरभवन ललितपुरमा पठाईदिनु...........................................१

फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई दिनु.....................................................................................२

प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू.........................................................................३

डम्बर बहादुर कार्की
(लेखासदस्य)

उक्त रायमा हामीहरु सहमत छौं ।

| | |
|---|---|
| जीवन कुमार घिमिरे | किशोर शिलवाल |
| (राजस्व सदस्य) | (अध्यक्ष) |

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>

शाखा अधिकृतः श्री प्रमोद रिजाल

फाँट (क)

इति सम्बत २०७६ साल असोज ७ गते रोज ३ शुभम.........................................